सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक ८९ ♦ २०८० साल मंसीर २८ गते विहिवार ♦ 14 Dec 2023 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com



मालपोत कार्यालय स्थापनाको लागि क्षीरेश्वरनाथका मेयर यादव द्वारा विभिन्न निकायलाई पत्राचार । पेज ४ मा



# के न्याय पाउला थमन परिवारले ?

बिशाल बस्नेत
महोत्तरी

समाचार पृष्ठ ३

## बाराको सिम्रौनगढमा झडप : प्रहरीको गोली लागेर एक जनाको मृत्यु, केही प्रहरी घाइते

**खबर दर्पण समाचारदाता**

**मंसीर २८ गते, कलैया**

बाराको सिम्रौनगढ नगरपालिकामा प्रहरी र आन्दोलनरत कर्मचारी बीच झडप हुँदा प्रहरीको गोली लागेर १ जनाको मृत्यु भएको छ ।




मृत्यु हुने स्थानीय सिम्रौनगढ-१ का २५ बर्षीय लक्ष्मी मुखिया बिन रहेका बाराका प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले जानकारी दिए । घटनामा अर्का १ जना पनि गम्भीर घाइते भएका छन् ।

मृतकको टाउकोमा गोली लागेको र घटनास्थलमै मृत्यु भएको प्रत्यक्षदर्शीले जनाएका छन् । अर्का घाइते हरियरपुरका रहेको र उनको नारायणी अस्पतालमा उपचार भइरहेको छ ।

सिम्रौनगढ नगरपालिकाका नगर प्रमुख किशोरी साह कलवारले प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराउन लिएर जाने क्रममा आन्दोलनरत कर्मचारीहरुले हाजिर गर्न नदिएपछि सुरु भएको विवादले

बाँकी पृष्ठ २ मा

## औरहीमा आगलागी



बिधुत सट भएर महोत्तरीमा एक घरमा आगलागी भएको छ । महोत्तरीको औरही नगरपालिका वडा न १ औरहीमा बिद्युत सट भएर एक घरमा आगलागी भएको हो ।

एकाएक रामलाला दासको घरमा बुधबार बिहान १० बजेको समयमा बिद्युत सट भएर आगलागि भएको स्थानिय महिबुल साफीले बताए।

घरमा आगलागि हुदाँ घर भित्र भएको लुगा कपडा र सुत्ने कोठामा रहेको खाट,लुगा कपडा सहित करिब ७० हजार बराबर को सरसमान जलेर नष्ट भएको स्थानिय साफीले बताए ।

अहिले स्थानयिको सक्रियतामा आगो नियन्त्रणमा ल्याएको पिडित परिवार जानले बताए । आगलागीमा कुनै पनि मानवीय क्षति भने नभएको उनले जानकारी दिए। प्रहरी चौकी औरहीबाट प्रहरीको टोली घटना स्थलतर्फ गएको स्थानीयहरुले बताए ।-खबर दर्पण

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३द्दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

# हिरासतमा मन भुलाउने सहारा पुस्तक

सुनिता बराल

**मंसीर २७ गते, महोत्तरी**

हिरासत कक्षको बलैंसीमा हातमा किताब लिएर लस्करै कुर्सीमा पढ्न बसेका युवाहरूलाई हेर्दा लाग्छ, सुरक्षा घेराभित्र कुनै प्रतियोगिता चलिरहेको छ । तर, कुरा थुनामा रहेका मानिसको आचरणमा सकारात्मक परिवर्तन ल्याउन प्रहरीले स्थापना गरेको पुस्तकालयबाट लाभ लिइरहेका युवाहरूको हो ।

'रातमा नपर्ने निन्द्रा र परिवारको यादले बेचैन मनलाई किताबले भुलाएको छ,' एक युवकले भने,'पढ्दापढ्दै कहिले आँसु खस्छ त,कहिले खुसीमा हराउँछ मन ।' मोदनाथ प्रश्रितको 'मानव' उपन्यासमा घोत्लिएका उनले दुई हप्तामा ६ वटा पुस्तक पढिसकेका छन् । धादिङ घर भएका २३ वर्षका उनी लागुऔषध मुद्दामा ८४ दिनदेखि महोत्तरी प्रहरीको हिरासतमा छन् ।

'हिरासतमा पुस्तकालय स्थापना गर्दासम्म मलाई पुस्तक पढ्ने रुचि नै थिएन,' उनी भन्छन्, 'पढ्न थालेपछि किताबमै डुबेर पढ्न थालेँ,पढ्दापढ्दै धेरै पटक रोएको छु,रुदाँरुदै हाँसेको छु ।' 'सपनाको उडान','जीवन जिउने काइदा','संघर्ष','जीवन काँडा कि फूल' लगायतका पुस्तक उनले केही दिनमै पढिसकेको बताए ।

'निन्द्रा नलागेपछि किताब पढ्न थाल्छु अनि परिवारको याद कम हुँदै जान्छ,' उनले भने,''किताबको पानामा गम्भीर भएर म आफैंलाई हेरिरहेको छु' । पुस्तकालयको स्थापना पछि आफूहरूको दिन थोरै भए पनि उपपब्धिमूलक बितिरहेको छ जस्तो लाग्न थालेको उनी बताउँछन् । 'दिन काट्न निकै गाह्रो भएको समय हिरासतमा पुस्तकालय खुल्दा राम्रै काम हो जस्तो मात्रै लागेको थियो,' उनले भने, 'यो त निकै राम्रो रहेछ हाम्रा लागि' ।

साथीहरूको संगतले दुर्व्यसनीमा फसेको बताउने महोत्तरी गौशालाका २२ वर्षीय युवक अब जीवनमा फेरि त्यस्तै गल्ती नगर्ने प्रण गरिरहेका छन् । बीपी कोइरालाको 'जेल डायरी' पछि उनी अहिले सुविन भट्टराईको उपन्यास 'समर लभ' पढिरहेका छन् । स-साना गल्तीको महसुस हुने र आफैंलाई बदल्ने बाटो पनि किताबले दिने रहेछ भन्ने उनले बुझिसकेका छन् । लागुऔषध मुद्दामा ६४ दिनदेखि थुनामा बसेका उनी पुस्तकले दिन कटाउन निकै सजिलो बनाएको बताउँछन् ।

७ कक्षाबाटै परिवारको कमजोर आर्थिक स्थितिका कारण पढाइ छाडेका मकवानपुरका २२ वर्षका अर्का एक युवकले आफ्नो पढ्ने अधुरो सपना हिरासतमा पूरा भइरहेको बताए । पुस्तकालय स्थापनाको २० दिनमा उनले 'मानव बौद्धिकता','मान्छेको रङ' लगायतका ३ वटा पुस्तक पढिसकेका छन् । आफ्ना नित्यकर्म सकेपछि विद्यार्थीजस्तो किताब लिएर पढ्न बस्दा आफूले सानामा पढ्न नपाएको झल्को मेटिने गरेको उनले सुनाए । 'किताबले धेरै कुरा सिकाउने पनि रहेछ,' उनले भने, 'के गल्ती ? के सही ? त्यो पनि म महसुस गरिरहेको छु ।'

तर पुस्तकालयको लाभ लिन नसकेको भन्दै केही व्यक्ति दुःखी पनि देखिन्छन् । सानोमा पढ्न नपाएका कारण अहिले पुस्तकालय 'कागलाई बेल'जस्तै भएको मटिहानी महोत्तरीका २२ वर्षका युवक बताउँछन् । 'पढ्न जानेको भए म पनि टीभी हेर्ने थिइनँ,' उनी भन्छन्, 'पढेर नयाँ नयाँ कुरा सिक्ने थिएँ ।'

हिरासतमा रहेका साथीहरू पुस्तकमा घोत्लिएको देख्दा थकथकी लागेको महोत्तरीका २४ वर्षीय युवक बताउँछन् । 'सबैले पढेको देख्दा पढन मन त लाग्छ नि,' उनले भने,'सामान्य लेखपढले के पढ्नु आफ्नो नाम लेख्न मात्रै जानेको छु ।' तर पनि उनी पुस्तक पढिसकेका साथीहरूबाट किस्सा सुनेर रमाउँछन् । उनी केही उपन्यासका केही रमाइला घतलाग्दा प्रसंग सम्झिइरहेका पनि छन् ।

मंसिरको ५ गते मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रमुख प्रहरी नायब महानिरीक्षक जनक भट्टराईले पुस्तकालयको उद्घाटन गरेपछि महोत्तरी जिल्लास्थित प्रहरी कार्यालयको हिरासतमा पुस्तकालय सञ्चालनमा आएको हो । हिरासतको पुस्तकालयमा ३ सय ९७ पुस्तक राखिएको छ । त्यसो त कार्यालयको पुस्तकालयमा रहेका १ सयभन्दा बढी पुस्तक पनि हिरासतमा रहेका व्यक्तिले पढन सक्छन् । जिल्ला प्रहरी कार्यालयको पुस्तकालयमा ५ सयभन्दा बढी पुस्तक रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी प्रकाश मल्लले बताए ।



नेपाली साहित्यका सबै विधा र पौराणिक तथा सांस्कृतिम पुस्तक पुस्तकालयमा राखिएको छ । हिरासतको बन्द कोठामा सीमित नगर प् एकान्तमा बसेर पढ्छु भन्नेलाई कक्षभित्रको सुरक्षा घेराभित्रको जुनसुकै स्थानमा बसेर पढ्न सक्ने वातावरण प्रहरीले मिलाइदिने मल्लले बताए । पुस्तकालयको स्थापनापछि हिरासतमा बसेका धेर ैले पढ्ने बानप् बसाल्न थालेका उनको भनाइ छ । 'हामी भएकामध्ये पनि राम्रा किताब पढ्न सुझाव दिएका हुन्छौं,' उनले भने, 'तर जबर्जस्ती छैन जसले जे मन लाग्छ त्यही पढ्नुहुन्छ' ।

थुनुवाहरूको आचरण,व्यवहार र सोचमा पुस्तकले सकारात्मक परिवर्तन ल्याउँछ भन्ने विश्वाससहित प्रहरीले स्थापना गरेको पुस्तकालयले निकै राम्रो प्रभाव परिरहेको एसपी मल्लले बताए । 'पुस्तक पढ्नेहरूले कानुनी किताब थपिदिनुस् भन्ने अनुरोध गर्नुभएको छ,' उनले भने, 'अक्षर नचिन्ने समस्या भएका अन्यले भने पढेकासँग सोधेर पनि ज्ञान लिइरहनु भएको छ' । थुनुवाहरूको मागबमोजिम कानुनीलगायतका अझै केही पुस्तक जिल्ला प्रहरीले हिरासतमा थप्ने मल्लले बताए ।

## बाराको सिम्रौनगढमा ....

भिडन्तको रुप लिएको थियो । विवाद बढ्दै गएपछि स्थितिलाई नियन्त्रण लिन प्रहरीले हवाइ फायर गरेको थियो । प्रदर्शनकारीले प्रहरीमाथि ढुङ्गामुढा प्रहार गरेका थिए । प्रदर्शनकारीको आक्रमणबाट १० जना प्रहरी घाइते भएका बाराका प्रहरी उपरीक्षक सुरेश काफ्लेले जानकारी दिए। नगरपालिकाकामा कार्यरत स्थायी, करार र ज्यांलादारी कर्मचारीहरुले लामो समयसम्म तलव नपाएपछि आन्दोलन गर्दै आएका थिए । आन्दोलनरत कर्मचारीहरुले वार्ता पछि मात्र कार्यकारी अधिकृतलाई हाजिर गराउनुपर्ने माग गरेका थिए । तर नगर प्रमुखले एकाएक कार्यकारी अधिकृतलाई हाजिर गराउन खोजेपछि भिडन्तको अवस्था आएको हो ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**वृष-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

**मिथुन-** सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कर्कट** -समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**सिंह** -समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**कन्या** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ।

**तुला** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**वृश्चिक** -आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकार त्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**धनु** - लामो समयपछि रस र ङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुर ताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**मकर** -अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**कुम्भ**-प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# के न्याय पाउला थमन बिकको परिवारले ?

**विशाल बस्नेत**

**मंसीर २७ गते, बर्दिवास**

मधेश आन्दोलनको समयमा असई थमन विकलाई लखेटी-लखेटी हत्या गरेको ९ बर्षपछी जिल्ला अदालत महोत्तरीमा सुनुवाई पारम्भ भएको छ ।

सोमवारदेखी सुरु भएको बहस कै क्रममा मृतक विक कि पत्नी सोभा आफ्नो ११ बर्षिय छोरासगैं जिल्ला अदालतमा झिनो आशा बोकेर मंगलवार दिउँसो उपस्थित भईन ।

यो वहस निष्कर्षमा नपुगेन्जेल जारी रहने जिल्ला अदालर महोत्तरीले जनाएको छ ।

यो अवधीमा विक हत्याका अभियुक्तहरु जनप्रतिनिधि बनेका छन भने २०७९ को निर्वाचनमा पनि हत्याका मुख्य योजनाकार भनिएका लक्ष्मी महतो कोइरी संघिय संसदमा निर्वाचित भए । हत्या आरोप लागेका आरोपितहरुलाई अदालतले साधारण तारेकमा छाडेको र कानुनी छिद्रवाट निर्वाचनमा होमिएकाहरुले कानुनलाई नै चुनौती दिएको देखिएको छ ।

यसै मध्येको अर्को घटना हो, लक्ष्मी महतो कोइरी । यसअघि जिल्ला अदालतले धरौटीमा छाडन आदेश दिएको कोइरीलाई जनकपुर उच्च अदालतले भने अस्विकार गरेको थियो ।

कोइरी संग्लन भएको यथेष्ट प्रमाणहरु भएको वताउदै उच्च अदालतले २०७७ मा पुर्पक्षका लागि जेल चलान गर्नुपर्ने कोइरी विरुद्ध आदेश सुनाएको थियो । अदालतले समेत फरार सुचिमा राखिरहेको वेला मनोनयनको अघिल्लो रात नेकपा एमालेवाट टिकट लिएर कोइरी निर्वाचित भएका थिए । पछि संघिय संसदले फौजदारी अभियोग लागेका जनप्रतिनिधिहरुलाई निलम्बन गरेपछी कोइरी पनि निलम्बनम परे ।

तर अदालतको आदेशलाई चुनौती दिदै थुनामा बसेर अनुसन्धानमा सहयोग गर्नुपर्ने ठाउँमा कोइरी फरार भएर शक्ति प्रर्दशन गरिरहेका छन् ।

विभिन्न कानुनी आधारका वावजुत पनि आरोपितहरुले खुलेआम चुनौती दिइरहेको वेला जिल्ला अदालतवाट प्रारम्भ भएको बहसलाई आम मानिसले निक्कै चासोका साथ हेरेका छन् ।

पतिको हत्या हुदा ३ बर्ष रहेका छोरालाई थमन पत्नीले साथ ल्याएर जिल्ला अदालतको शरणमा आईपुगेकी छिन्। विभिन्न दृष्टान्तहरुले न्याय पाउने आशा कम नै रहेतापनी जिल्ला अदालतवाट केही आशा रहेको थमन पत्नी सोभाले वताईन ।

'विभिन्न जिल्ला र अदालतमा आशा जगाउने फैसला पनि भएका छन ।' सोभाले भनिन्, 'जिल्ला अदालत महोत्तरी ले पनि न्याय दिलाई दिनेमा केही बिश्वस्त भएकी छु ।'

मधेश आन्दोलनको समय २०७२ सालमा आन्दोलनकारीहरुको झडपका क्रममा घाईते असई विकलाई उपचारको लागी जनकपुर लैजादै गर्दै एम्बुलेन्सवाट थुतेर धानवारीमा लखेटदै निर्ममतापुर्वक हत्या गरिएको थियो ।

यो दुई पक्षविचको झडपमा परेर भएको दुर्घटना भन्दा पनि वदलाभावले उत्प्रेरित घटना थियो भन्ने तत्कालिन समयमा कैद भएका दृश्यहरुले समेत प्रमाणित गरेका छन ।

तर उक्त घटनाका मतियारहरुले अहिलेसम्म उन्मुक्ती पाउनु दुखद रहेको सर्वसाधारण वताउछन् ।

'एउटा राष्ट्रसेवक देशको लागी लडदा-लडदै मरेको भए मन बुझाउने वाटो हुन्थ्यो तर यहाँ त जानीजानी हत्या गरिएको छ ।' सोभाले भनिन् ।

महोत्तरी आउनुभन्दा दुई दिन अगाडी उनी पत्रकारहरुसगँ हार गुहार गर्न संघिय राजधानी समेत पुगेकी थिइन ।

उक्त घटनाका मुख्य योजनाकार भनिएका लक्ष्मी महतो कोइरी पक्राउ पर्न नसकेपछी उनी सर कारलाई दवाव दिन काठमाण्डौ पुगेकी थिइन ।

फरार सुचिमा रहेका कोइरी मनोनयन दर्ता देखि निर्वाचित भएपछि प्रमाणपत्र बुझ्न समेत आफू गएनन । एकैपटक संसदिय बैठकमा सहभागी हुन पुगेपछि कोइरीलाई सरकारले पक्राउ गर्ने तयारी गर्दा-गर्दै एकाएक फरार भए ।

जस्को परिणामस्वरूप महोत्तरी क्षेत्र न.१ समेत संसद विहिन वनेको छ ।


**जानकी एकेडेमीक हस्पिटल एण्ड न्यूरो ट्रमा सेन्टर**
रामगोपालपुर -९ पर्सा देवाड.सम्सी गौशाला रोड

2nd ANNIVERSARY — ANNIVERSARY CELEBRATIONS

**दोस्रो वार्षिक अवसरमा**

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

**दोस्रो वार्षिक अवसरमा यही मिति २०८० मंसिर २८** देखि पुस २७ गते सम्म एक महिनाको लागि विशेषज्ञ चिकित्सकहरुद्वारा ५० % छुटमा स्वास्थ्य सेवा प्रदान गर्न गइरहेकोले समयमै सम्पर्क गरी मौकाको फाइदा उठाउँनुहोला ।

**नोट : जेष्ठ नागरिक तथा अति विपन्नको सिफारिश वडा कार्यालबाट ल्याएर औषधी खरिद बाहेक सबै जाँच ( १०० ٪ छुट )**

**नेपाल सरकार संगको सम्झैता अनुसार (आमा सुरक्षा कार्यक्रम)**
नि: शुल्क सेवा
(यो सेवा लिन नेपाल सरकारको विवाह दर्ता अथवा नागरिता हुनुपर्ने)
- नर्मल डिलेभरी सेवा
- यातायात खर्च वापत रकम रू. १०००
- पेट खोलेर बच्चा निकाल्ने अप्रेशन

**सहुलियत सेवा**
- ओ.पि.डि सेवा ५० ٪
- पाठेघर अप्रेशन ५० ٪
- पेट खोलेर बच्चा निकाल्ने अप्रेशन
- हर्निया, हाइड्रोसिल, एपेन्डिक्स आदिको अप्रेशन
- ECG/CTG जाँचमा ५० ٪ छुट
- रगत, पिसाव, दिशा तथा अन्य प्याथलोजि जाँचमा ५० ٪ छुट
- एक्स- रे , भिडियो एक्स-रे मा ५०٪ छुट
- CT SCAN मा १५ ٪ छुट
- औषधी खरिदमा १० ٪ छुट

**ओ.पि.डि सेवा ( विहान ९: ०० देखि ४: ०० बजे सम्म**
५० %
- न्यूरो सर्जरी सेवा ( डा. प्रधुम्न कुमार यादव )
- मेडिसिन ( डा. मनिस कुमार ठाकुर )
- बालरोग ( डा. संजिव कुमार साह )
- स्त्री तथा प्रसूति सेवा ( डा. अशोक कुमार यादव )
- नशा तथा हार्डजोर्नि ( डा. रतीस सिंह )
- स्नायू तथा मानसिक रोग ( डा. रोविन झा )

थप जनकारीको लागि
९८५४०२८३९२,२१३९५,९७४८४५७०९०,९१



**सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं**

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं।

"व्यावसायिक र सिर्जनशील प्रशासन : विकास, समृद्धि र सुशासन"

**जलेश्वर नगरपालिका, महोत्तरी**



**पिपरा गाउँपालिका , महोत्तरी**

**जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
- कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं



**धनौजी गाउँपालिका, धनुषा**



**जाडोमा आगो ताप्दा, हिटर बाल्दा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरु**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरु गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरु हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरु अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने गरौं
- कोइला जन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रुपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रुपमा हिटर निभाउने गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरुममा बस्ने नगरौं

## मालपोत कार्यालय स्थापनाको लागि क्षीरेश्वरनाथका मेयर यादव द्वारा विभिन्न निकायलाई पत्राचार



**खबर दर्पण समाचारदाता**
**मंसीर २७ गते, महेन्द्रनगर**

धनुषाको क्षीरेश्वरनाथ नगर पालिकाका मेयर सुखदेव यादवले महेन्द्रनगरमा मालपोत स्थापनाको गर्नको लागि विभिन्न निकायलाई पत्राचार गरेका छन्। मालपोत कार्यालय स्थपनार्थ जिल्ला प्रशासन कार्यालय धनुषा र भूमि, व्यवस्था, कृषि सहकारी मन्त्रालयलाई पत्राचार गरेका छन् ।

नगरपालिका द्धारा लेखिएको पत्रमा यस क्षिरेश्वरनाथ नगरपालिकाको पुर्वमा मिथिला विहारी नगरपालिका र धनुषाधाम नगरपालिका, पश्चिममा वटेश्वर गाउँपालिका, उत्तरमा मिथिला नगरपालिका र दक्षिणमा लक्ष्मिनियाँ गाउँपालिका रहि यस नगर पालिका ५ वटै पालिकाहरुको केन्द्र रहेको तथा ती पालिकाहरुबाट क्षिरेश्वरनाथ नगरपालिकाका नगर प्रमुख सुखदेव यादव नगरको बासिन्दाका लागी सहज र नियम संवत शाखा कार्यालय स्थापना गरिदिन हुन अनुरोध गरेका छन् ।

त्यस्तै यस नगरपालिकामा मालपोत कार्यालयको शाखा स्थापना भएमा ती पालिकाहरु र यस नगरपालिकाका बासिन्दाहरुलाई मालपोत सम्बन्धि कामकाजको लागि आवत जावत गर्दा आर्थिक तथा समय समेतको बचत भई यस भेगका वासिन्दाहरु लाभन्वित हुने भएकोले यस नगर पालिकाको केन्द्र महेन्द्रनगरमा मालपोत कार्यालय, सेवाग्राही लाई सहज हुने मेयर यादवले बताए ।

नगरपालिकाको मेयर लगायत सम्पुर्ण वडा अध्यक्षहरुले मालपोत कार्यालय धनुषाका प्रमुखलाई सामुहिक रुपमा ज्ञापन पत्र बुझाएका छन् ।

जिल्ला प्रशासन कार्यालय र बौधार्थ मालपोत कार्यालय धनुषाको लेखिएको छ ।

## विवाह पञ्चमीको दोस्रो दिन फुलबारी लिला सम्पन्न



**खबर दर्पण समाचारदाता**
**मंसीर २७ गते, महेन्द्रनगर**

प्राचिन मिथिलाको राजधानी जनकपुरधाममा प्रत्येक वर्ष आयोजना हुने विवाहपञ्चमी महामहोत्सव मनाइदैछ। विवाह पञ्चमीको दोस्रो दिन बुधवार फुलबारी लिला सम्पन्न भएको छ ।

जानकी मन्दिर छेउकै विवाह मण्डपको फुलबारीमा भगवान श्री सीताराम र श्री लक्ष्मण बिच फुलवारीमा भेटघाट हुन्छ ।

राम र सीतालाई एकान्तमा भेटघाट गराइने कार्यक्रमलाई फूलबारी लिला भन्ने गरिएको हो । राम र सीताबीच पहिलो पटक बगैंचामा भेटघाट भएको पौराणिक कथाका आधारमा फूलवारी लिला कार्यक्रम गर्ने प्रचलन छ । साधुसन्त र मिथिलानीहरुको गितगानका बिच बगैंचामा भगवान रामजानकीको भेटघाटको दृश्य सबैका लागि मनमोहक हुन्छ ।

सप्ताह व्यापी रुपमा मनाइने महोत्सवको पहिलो दिन जनकपुरधाम नगर दर्शन, र दोस्रो दिन फुलवारी लिला हुन्छ । नगर दर्शनमा माता जानकीलाई नगर दर्शन गराउने गरिन्छ । नगरदर्शनका क्रममा राम र जानकीको रूप धारण गरेकालाई जानकी मन्दिरको प्राङ्गनमा राख्ने गरिन्छ। यसका साथै रामायणका अरु पात्रहरू पनि नगर दर्शनमा सहभागी हुने गर्छन् । यो कार्यक्रममा राम, सीतासहित रामायणका पात्रका अगाडि नगरबासीलाई उपस्थित गराउने परम्परा रहेको छ । गितगान त मिथिलाको विवाहमा हुनै पर्दछ ।

महोत्सवको तेश्रो दिन धनुषयज्ञ, चौथो दिन तिलकोत्सव, पाँचौ दिन मटकोर, छैठौ दिन शुभविवाह अर्थात विवाहपञ्चमी र सातौ दिन राम कलेवाको आयोजना गरि महोत्सवको समापन हुन्छ । रामकलेवामा जन्तीलाई भोजन, दक्षिणा र सम्मान सहित बिदाई गरिन्छ

सूचना ! सूचना !!! सूचना !!!

**नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नहरको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नहर क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नहर क्षेत्रमा भौतिक निर्माण नगरौं । नहर फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नहकृरको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।**

जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, महोत्तरी


सूचना ! सूचना !!! सूचना !!!

सडक हामी सबैको साँझा सम्पती हो । सडक सिमा अतिक्रमण नगरौं । सडक सिमाभित्र फोहर, गोबर, खर ानी लगायतका सामानहरु नराखौं । निर्माण सामाग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडक दुर्घटनाबाट जोगाऔं र अरुलाई पनि जोगाऔं ।

**डिभिजन सडक कार्यालय**
**मुजेलिया, जनकपुर**

**ए.एस.डी. अफसेट प्रेस**
क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा